# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, फागुन ११ गते २०३२ साल [ अतिरिक्ताङ्क ५२ (क)

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं जिल्लामा देहायका दफाहरू बमोजिमका मुद्दा मामिलाहरूको कारबाई र किनारा तथा अधिकारको प्रयोग गर्ने भूमि प्रशासक श्री तेजराज तिवारीको एक सदस्यीय समिति गठन गरेको छ ।

समितिको कार्याविधि काम शुरू गरेको मितिले २०३३ साल आषाढमसान्तसम्म तोकिएको छ ।

उक्त जिल्लाको भूमिप्रशासन कार्यालयमा २०३१ साल आषाढमसान्त अघि दायर रहेका उक्त दफाहरूसम्बन्धी किनारा गर्न बाँकी मुद्दा मामिलाहरू यस समितिको कार्यावधि-सम्मको लागि उक्त अधिकार (मुद्दाहरूमा २०३१ साल आषाढमसान्तसम्म दायर रहेको मात्र) भूमि प्रशासकलाई रहने छैन ।

समितिले प्रयोग गर्ने गरी तोकिएका दफाहरू:–

१ भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) र उपदफा (३),
२ भूमि „ „ „ को दफा ३१ (क),
३ भूमि „ „ „ दफा ३२ को उपदफा (१) तथा उपदफा (४) र
४ भूमि „ „ „ को दफा ३८ ।

आज्ञाले–
बासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३५

५६०६